# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६ ) काठमाडौं, माघ २८ गते २०५३ साल ( अतिरिक्ताङ्क ५५ (ख)

## भाग ३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

खण्ड ४४, मिति २०५१।७।२८ अतिरिक्ताङ्क ३४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठित निर्वाचन अदालतमध्ये सुदूर पश्चिमाञ्चल विकासक्षेत्र अन्तर्गत पर्ने जिल्लाहरूको लागि गठित निर्वाचन अदालत बाहेक अन्य चारै विकासक्षेत्र अन्तर्गत पर्ने जिल्लाहरूको लागि गठित निर्वाचन अदालतको म्याद अर्को ६ महिनासम्मको लागि थप भएको सूचना खण्ड ४५, संख्या ४३ मिति २०५२।१०।२९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित भएकोमा पूर्वाञ्चल र मध्यमाञ्चल विकासक्षेत्र अन्तर्गत पर्ने जिल्लाहरूको लागि गठित निर्वाचन अदालतको म्याद समाप्त भएको मितिले अर्को ६ महिनासम्मको लागि थप भएको सूचना खण्ड ४६, संख्या १७ मिति २०५३।४।२१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित भएकोमा तत् तत् निर्वाचन अदालतको म्याद समाप्त भएको मितिले पुनः अर्को ३ महिना सम्मको लागि थप गरिएको छ । साथै हालै सम्पन्न रूपन्देही जिल्लाको क्षेत्र नं. २ र बैतडी जिल्लाको क्षेत्र नं. १ को उपनिर्वाचनको सम्बन्धमा निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ अन्तर्गतको मुद्दाको कारवाही र किनारा गर्ने समेत मध्यमाञ्चल विकासक्षेत्र अन्तर्गत पर्ने जिल्लाहरूको लागि गठित निर्वाचन अदालतलाई तोक्ने गरी श्री ५ को सरकारले निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,
विनोदकुमार देवकोटा
श्री ५ को सरकारको का.मु. सचिव

११६३

मुद्रण विभाग, सिंहदरबार काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

११८०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।